त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँकार्यपालिका बैठक क्रम संख्या: ३९
बैठक मितिः २०८२/०२/१६
बैठक स्थानः सिम्रुतु खारानेटा
बैठकको अध्यक्षताः गणेश कुमार के.सी.

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसी, तपशिल बमोजिमका प्रस्तावहरूमा छलफल/अन्तरक्रिया/समिक्षा तथा निर्णय पारित गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी. | अध्यक्ष (गाउँपालिका अध्यक्ष) | | |
| २ | राजकुमारी रेउले | सदस्य (गाउँपालिका उपाध्यक्ष) | | |
| ३ | सुन्दर ओली | सदस्य (१ नं. वडाध्यक्ष) | | |
| ४ | मोतिराम पुन | सदस्य (२ नं. वडाध्यक्ष) | | |
| ५ | दिपेन्द्र कुमार ओली | सदस्य (३ नं. वडाध्यक्ष) | | |
| ६ | नन्नराम बाँठा | सदस्य (४ नं. वडाध्यक्ष) | | |
| ७ | रण वहादुर पुन | सदस्य (५ नं. वडाध्यक्ष) | | |
| ८ | भद्र बहादुर सिर्पाली | सदस्य (६ नं. वडाध्यक्ष) | | |
| ९ | धन बहादुर खड्का | सदस्य (७ नं. वडाध्यक्ष) | | |
| १० | नन्दराम खड्का | सदस्य (८ नं. वडाध्यक्ष) | | |
| ११ | हरि वहादुर खड्का | सदस्य (९ नं. वडाध्यक्ष) | | |
| १२ | शेरमान खड्का | सदस्य (१० नं. वडाध्यक्ष) | | |
| १३ | जनक कुमार विश्वकर्मा | गाउँ कार्यपालिकासदस्य | | |
| १४ | लक्ष्मण कामी | गाउँ कार्यपालिकासदस्य | | |
| १५ | प्रेमा ओली | गाउँ कार्यपालिकासदस्य | | |
| १६ | चाँदनी पुन | गाउँ कार्यपालिकासदस्य | | |
| १७ | विष्णु सुनार | गाउँ कार्यपालिकासदस्य | | |
| १८ | देवकुमारी वुढाथोकी | गाउँ कार्यपालिकासदस्य | | |
| १९ | यज्ञ वहादुर भण्डारी | गाउँ कार्यपालिका सचिव एवं प्रमुख प्रशासकिय अधिकृत | | |

यज्ञ वहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

३९ औं बैठक

कार्यपालिका बैठक मितिः २०८२।०२।१६

# प्रस्तावहरु

१. मख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना परिमार्जन गरी पठाउने सम्बन्धमा।

२. अख्तियारी प्रदान गरी अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।

३. करार सम्झौता रद्द गर्ने सम्बन्धमा

४. विविध सम्बन्धमा।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुतु, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner

निर्णय नं. १– आर्थिक वर्ष २०८२/०८३ का लागी त्रिवेणी गाउँपालिका रुकुम पश्चिमका १० वटै वडा कार्यालयवाट मुख्यमन्त्री रोजगार कार्यक्रमका लागी प्राप्त योजना प्राथमिकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सरकार समक्ष सिफारिस गरि पठाइएकोमा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ को अनुसूची १ बमोजिम परिच्छेद ४ को विषयक्षेत्र भित्र नपरेको कारण त्यस्ता आयोजनाहरु सम्बन्धित स्थानीय तहवाट परिमार्जन गरी पठाउनु भनि परिपत्र भएको हुँदा परिपत्र बमोजिम स्पष्ट रुपमा विषयक्षेत्र खुलाई आयोजनाहरु परिमार्जन गरी पठाउने निर्णय पारित गरियो।

तपशिल:

| वडा नं. | आयोजनाको नाम | बजेट माग | कैफियत |
|---|---|---|---|
| १ | भट्टछरे, खलटाकुरा, वडा कार्यालय, सिन्तुवाङ खानेपानी निर्माण योजना | १५ लाख | |
| ४ | लुगाधुने डाँडा देखि ओडारघारी खुम्चेरी गाउँ हुदै सिद्ध साइकुमारी पर्यटकिय स्थल जाने पक्की सिडी निर्माण योजना | १५ लाख | |
| ७ | विष्ट गाउँदेखी पाँचपुनी हुँदै भेरिपोखरा शहिद प्रतिष्ठान जाने प्रयटकीय स्थल | १५ लाख | |
| ९ | नालेचौर भिमकमल पर्यटकीय स्थल सिडी निर्माण योजना | १५ लाख | |

निर्णय नं. २– टिकाराज आरणको छोरा रामेछाप जिल्ला मन्थली नगरपालीका वार्डनं ९ वस्ने अं वर्ष ४५ को ज्ञानेन्द्रराज आरण समेतले यस त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिम्रुतु, खारानेटा, रुकुम (पश्चिम), कर्णाली प्रदेश-१, ऐ. गाउँपालिकाको अध्यक्ष-१, ऐ. गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत-१, समेत उपर सम्मानित सर्वोच्च अदालत समक्ष अदालतको अवहेलना मुद्धा (मुद्दा नं. ०८१-MS-००३९) को उजुरी निवेदनपत्र प्रस्तुत गरेको जानकारी यस गाउँपालिकाको नाउँको ७ दिने म्याद सुचना सहितको उजुरी निवेदनपत्रको प्रतिलिपी मिति २०८२।०२।१३ मा प्राप्त गरेबाट थाहा जानकारी प्राप्त भयो। उक्त निर्दिष्ट म्याद भित्र वा थाम्ने थमाउन पाउने म्याद भित्र यस त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ऐ. गाउँपालिकाको अध्यक्ष र ऐ. गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतको तर्फबाट सम्मानित सर्वोच्च अदालत समक्ष उपस्थीत भई लिखीत जवाफ प्रस्तुत गरी तारेखमा रही मुद्धाको पुर्पक्ष गर्ने लगाएतका यस मुद्धामा अन्य जे जो गर्नु पर्ने सम्पूर्ण कार्य गर्नको लागी यस त्रिवेणी गा.पा. को अध्यक्ष गणेश कुमार के.सी. लाई अख्तीयारी प्रदान गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ३– यस त्रिवेणी गाउँपालिका अन्तरगत गाउँपालिका अस्पतालमा कार्यरत ल्याब टेक्निसियन श्री भरत विक्रम वि.सी. अस्पतालमा मिति २०८१।१२।२२ गतेदेखि हालसम्म जानकारी विना अनुपस्थित भएको र निजले विगत वर्षहरुमा पनि कामकाजमा लापरवाही गर्दै आएको हुँदा निजको करार सम्झौता भङ्ग गर्ने राय स्वास्थ्य तथा सामाजिक विकास शाखावाट पेश हुन आएकोले ल्याव टेक्निसियन भरत बिक्रम वि.सी.को सेवा करार सम्झौता मिति २०८२ बैशाख १ गतेदेखि लागु हुने गरी भङ्ग गरी सो पदमा पदपूर्तिका लागी नयाँ विज्ञापन सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय पारित गरियो।

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु, खारानेटा रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner